# श्री हातेमालो सामुदायिक वन उपभोक्ता समूह,

बर्दघाट २, नवलपरासी

**काठ/दाउरा बोलपत्रद्धारा लिलाम विक्रि सुचना**

**दोस्रो पटक सूचना प्रकाशन मिति : २०८२।०४।०७**

श्री हातेमालो सामुदायिक वन उपभोक्ता समूहको वनबाट उत्पादित भई समुहको घाटगद्दीमा लट नं. १ कायम भएको निम्न परिमाणको गोलिया काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरि लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक वन पैदावार कारोबारका लागि सूचिकृत फर्म वा कम्पनिले यो सूचना दैनिक पत्र राष्ट्रिय दैनिक पत्रिकामा दोस्रो पटक प्रकाशित भएको मितिले १६ दिन भित्र सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ।

१) वन पैदावारको विवरण :

| वन पैदावारको विवरण | | | | | मुल्याङ्कन (रु) | |
|---|---|---|---|---|---|---|
| लट नं. | जात | ग्रेड | थान | परिमाण (क्यू.फि.) | न्यूनतम | संकलन खर्च |
| | साल | ए | १ | २३.१६ | २८९५० | काठ प्रति क्यु. फि. रु १४५५ र दाउरा प्रति चट्टा १२५५६ |
| | | वी | ५ | ४५.५० | ४०९५० | |
| | | सी | ३७ | १५५.९ | ९३५४० | |
| | | डी | ५६ | ६८.२८ | २०४८४ | |
| | असना | ए | ३ | ८६.१४ | ३४४५६ | |
| | | वी | ४ | ४०.११ | १२०३३ | |
| | | सी | ३१ | ६३.२८ | ६३२८ | |
| | बर्रो | | ११ | ६०.११ | १२०२२ | |
| | कालीकाठ | | ४ | ७.३७ | ७३७ | |
| | कालो सिरिष | वी | ८ | २०.९१ | ६२७३ | |
| | कुसुम | | १५ | ११९.३१ | ११९३१ | |
| | जिगड | | ४६ | २६९.७० | २६९७० | |
| | टाटरी | | २ | ६.३४ | ६३४ | |
| | भोर्भी | | ११३ | ५३७.६६ | ५३७६६ | |
| | बोटधाइरो | | ४१ | १५१.५४ | १५१५४ | |
| | भलायो | | ९ | ३५.०४ | ३५०४ | |
| | साल दाउरा चट्टा | | १ | १ | १२००० | |
| | अन्य दाउरा चट्टा | | ४ | ४ | १६००० | |
| | जम्मा | | ३३६ | १६९०.४५ | ३९५७३२ | |

२) बोलपत्र खरिद दाखिला गर्नुपर्ने अन्तिम मिति र समय :

खरिद गर्ने : क) अन्तिम मिति : २०८२।४।२२ (ख) समय : बेलुका ४ बजे सम्म

दाखिला गर्ने : क) अन्तिम मिति : २०८२।४।२३ ख) समय : दिउसो २ बजे सम्म

३) बोलपत्र सम्बन्धित सामुदायिक वन उपभोक्ता समूहको कार्यालय तथा डिभिजन वन कार्यालय, नवलपरासीबाट खरिद र दाखिला गर्न सकिनेछ।

४) बोलपत्रसाथ कबुल गरेको रकम को १० प्रतिशतले हुन आउने रकम बोलपत्र आव्हान गरेको यस सामुदायिक वनको नाममा रा.वा.बै.लि., सुनवलमा रहेको खाता नं. ३१००१०००९१२४४००१ मा नगद जम्मा गरेको सक्कल भौचर समावेश हुनुपर्नेछ।

५) बैङ्क जमानत धरौटीको रुपमा पेश गरिएमा त्यस्तो जमानत कम्तिमा ६ महिना सम्मको लागि हुनु पर्नेछ।

६) बोलपत्र फारम प्रति लटको रु. १०००।- (एक हजार मात्र) पछि फिर्ता नहुने गरी समूहको बैंक खातामा वा नगद जम्मा गरी खरिद गर्नु पर्नेछ।

७) लिलाम बढावढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र यस तोकिएको घाटगद्दी स्थलमा गई हेर्न सकिनेछ।

८) लिलाममा भाग लिन इच्छुक कम्पनी वा फर्मका प्रोपाइटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कर दर्ता प्रमाणपत्रको प्रतिलिपि, सुची दर्ता प्रमाणपत्र प्रतिलिपी र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्बर (पि.ए.एन.) दर्ता प्रमाणपत्रको प्रतिलिपि बोलपत्रसाथ पेश गर्नुपर्नेछ।

Som

**सोम बहादुर कामी**

**अध्यक्ष**

९। निर्धारित न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरू मिति **२०८२।४।२५** मा दिनको ३:०० बजे साक्षीहरूको रोहबरमा खोलिने छ ।

१०। लिलाम स्विकृत भएको जानकारी प्राप्त भएको **१० (दस)** दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर, सङ्कलन खर्च छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।

११। बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षरमा दुबैमा लेख्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ ।

१२। बोलपत्रमा केरमेट भएमा, हस्ताक्षर नभएमा, छाप नभएमा, सकार रकमको अंक र अक्षर नमिलेमा, लट अनुसार परिमाण नमिलेमा बोलपत्र मान्य हुने छैन ।

१३। बोलपत्र खरिद वा दाखिला गर्ने **अन्तिम दिनमा** सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट वा कार्यालय खुलेको दिन बोलपत्र खरिद वा दाखिला गर्न सकिनेछ ।

१४। बोलपत्र सदर वा बदर गर्ने अधिकार सम्बन्धित समुहमा निहित रहनेछ ।

सोम बहादुर कामी
अध्यक्ष